# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, जेठ २८ गते, २०७५ साल (अतिरिक्ताङ्क ४

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. ०२

## प्रदेश नं. ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपालको संविधानमा गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा प्रदेश कानून बमोजिम हुने व्यवस्था भए बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकाले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनुपर्छ ।

(च) “प्रमुख” भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(छ) “पदाधिकारी” भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(ज) “नगरपालिका” भन्नाले संबिधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत सम्झनुपर्छ ।

(झ) “वडा” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनुपर्छ ।

(ञ) “सदस्य” भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनुपर्छ ।

(ट) “समन्वय समिति प्रमुख” भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनुपर्छ ।

(ठ) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनुपर्छ ।

(ड) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनुपर्छ ।

(ढ) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ र २२३ बमोजिमको गाउँसभा वा नगरसभाका सदस्य सम्झनुपर्छ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनुपर्छ ।

३. सुविधाः पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मिति देखि अनुसूची–१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक सुविधा पाउनेछन् ।

४. सभाका सदस्यहरुको भत्ताः (१) मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा स्थानीय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची –१ बमोजिमको बैठक भत्ता वापतको रकम पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम सभा र समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा सभाका सदस्यले कुनै एउटा बैठकको मात्र भत्ता पाउनेछ ।

५. यातायात सुविधाः (१) प्रमुख तथा अध्यक्षलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउन सक्नेछ ।

(२) पदाधिकारीलाई उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा सम्बन्धित सभाले तोकेबमोजिमको यातायात सुविधा उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा उपलब्ध गराईने छैन र त्यस्तो सवारी साधनलाई सभाले तोके बमोजिमको इन्धन र मोविल उपलब्ध गराईनेछ ।

(४) सवारी साधन उपलब्ध नभएका उपाध्यक्ष वा उपप्रमुख वा वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आउँदा र जाँदा ५ कि.मि. भन्दा बढीको पैदल हिंड्नु पर्ने भएमा वा यातायात सुविधा भएकोमा आधा घण्टाभन्दा बढी समय लाग्ने भएमा त्यस्तो पदाधिकारी तथा सदस्यले स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा स्थानीय सार्वजनिक यातायातमा लाग्ने खर्च रकम बरावरको यातायात खर्च पाउन सक्नेछन ।

६. पत्रपत्रिका र सञ्चार सुविधाः (१) स्थानीय तहले पदाधिकारी तथा सदस्यलाई स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा न्यूनतम संख्यामा पत्रपत्रिका खरिद गरी उपलब्ध गराउनेछ ।

(२) पदाधिकारी तथा सदस्यलाई सञ्चार सुविधा वापत अनुसूची–१ मा उल्लेख भएबमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सञ्चार सुविधा वापतको रकम दिइनेछ।

७. दैनिक भ्रमण भत्ताः (१) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले कार्यालयको कामको सिलसिलामा आफनो कार्यक्षेत्र बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची–१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन् ।

(२) पदाधिकारी,सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम लाग्ने यातायात खर्च वापत बिल बमोजिमको रकम पाउनेछन् ।

(३) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची—१ बमोजिमको रकमको दुर्घटना विमा गर्दा लाग्ने विमा शुल्क वापत बिल बमोजिमको रकम पाउनेछन् ।

(४) पदाधिकारी तथा सदस्यहरुको भ्रमण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. निवृत्तिभरण पाउनेको हकमा उपलब्ध हुने सुविधाः नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको सेवाबाट अवकाश लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाइरहेको कुनै व्यक्ति पदाधिकारी, सदस्य वा सभा सदस्य निर्वाचित भएमा त्यस्तो व्यक्तिले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये कुनै एक मात्र पाउनेछ ।

तर सो वाहेकका सुविधा अन्य पदाधिकारी तथा सदस्यले पाए सरह पाउनेछ ।

९. दृष्टिविहिन वा अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहिन वा शारीरिक रुपले

अशक्त भई हिंडडुल गर्न निजलाई सहयोगीको सेवा आवश्यक भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने निजले रोजेको एकजना सहयोगी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई पदाधिकारी वा सदस्य वा सभाका सदस्यलाई उपलब्ध गराइए सरहको दैनिक भत्ता र यातायात खर्च दिईनेछ ।

१०. भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सो मार्फत भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. भत्ता नपाउनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले दफा ३ बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

१२. सुविधा कम हुने गरी निर्णय गर्न सक्नेः यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१३. अन्य सुविधा लिन नहुनेः स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन् ।

१४. अनुसूचीमा हेरफेर गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस ऐन बमोजिम उपलब्ध भईरहेको सुविधामा मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१५. सार्वजनिक गर्नु पर्नेः स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरु सार्वजनिक गर्नु पर्नेछ ।

१६. बचाऊः यो ऐन प्रारम्भ हुनुभन्दा अगाडी सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची १
(दफा ३, ४, ६ र ७ सँग सम्बन्धित)

### पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा

(क) गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँ सभाका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३०,००० | २७,००० | २०,००० | १२,००० | ७,००० |
| २ | कार्यपालिकारसभाको बैठक भत्ता | प्रति बैठक रु. | ७०० | ७०० | ७०० | ७०० | ७०० |
| ३ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| ४ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १२५ | १२५ | १२५ | १२५ |
| ५ | यात्रा बिमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० | १० | १० |

(ख) नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगर सभाका सदस्यको सुविधा

(अ) नगरपालिका

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३५,००० | ३०,००० | २५,००० | १३,००० | ८,००० |
| २ | कार्यपालिका / सभाको बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ३ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,५०० |
| ४ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १६० | १४० | १४० | १४० | १४० |
| ५ | यात्रा बिमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० | १० | १० |

(आ) उपमहानगरपालिका

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४०,००० | ३५,००० | २६,००० | १५,००० | ९,००० |
| २ | कार्यपालिका / सभाको बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ३ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,५०० |
| ४ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १५० | १५० | १५० | १५० |
| ५ | यात्रा बिमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० | १० | १० |

(ग) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिको सदस्य |
|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४१,००० | ३६,००० | १६,००० |
| २ | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० |
| ३ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० |
| ४ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १५० | १५० |
| ५ | यात्रा बिमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउनेछन् ।

२. पदाधिकारी सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

प्रमाणीकरण मितिः २०७५/०२/२८

**आज्ञाले,**
**प्रेमप्रसाद भट्टराई**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय